आकाशवाणी गान्तोक

REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs Date: 25.01.2024

## Sikkim-President Award

सिक्किम पुलिसका दुई अधिकारी र सिक्किम अग्निशमन विभागका एक सहायक अधिकारी प्रतिष्ठित राष्ट्रपति पदकका लागि चयनित हुनुभएको छ। राष्ट्रपति पदकका लागि मङ्गन जिल्लाका पुलिस अधीक्षक सोनम दिछु भोटिया र उप-महानिरीक्षक हेमराज राई अनि अग्निशमन विभागका सहायक अधिकारी विष्णुभक्त शर्मा छनौट हुनुभएको हो। एसपी भोटिया विशिष्ट सेवाका लागि अनि उत्कृष्ट सेवाका लागि डीआईजी हेमराज राई र सहायक सब फायर अफिसर श्री विष्णुभक्त शर्मा पुरस्कृत हुनुहुनेछ। साथै, राष्ट्रपतिले सिक्किमका स्वर्गीय दावा छिरीङ लेप्चालाई मृत्युपर्यन्त जीवन रक्षक पदकका लागि सिफारिस गर्नुभएको छ। विशिष्ट सेवामा राष्ट्रपति पुरस्कारका लागि चयन भएपछि एसपी भोटियाले आकाशवाणी गान्तोक, समाचार प्रभागसँग आफ्ना भावना साझा गर्दै, यो सम्मान आफ्नो कर्तव्यप्रति आफूले गरेको कडा परिश्रम र लगनशीलताको पहिचान भएको बताउनुभयो।..

## Prez Addresses Nation

राष्ट्रपति द्रौपदी मुर्मुले आज साँज सात बजे 76 औँ गणतन्त्र दिवसका अवसरमा राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ।

## Voters' Day

पन्ध्रौँ राष्ट्रिय मतदाता दिवस उत्सव, **"मतदानजस्तो अरू केही छैन, म अवश्यै मतदान गर्छु"** भन्ने नाराका साथ राज्यभरि मनाइँदै छ। यस अवसरमा जिल्ला निर्वाचन अधिकारी पाकिमद्वारा आज पाकिममा एक कार्यक्रम आयोजना गरियो। कार्यक्रममा पाकिमका जिल्लापाल रोहन आगवानेले राष्ट्रिय मतदाता दिवसको शपथ ग्रहण गराउनुभयो। त्यसैगरी निर्वाचन प्रकोष्ठ, मङ्गनले पनि आज राष्ट्रिय मतदाता दिवस पालन गऱ्यो। कार्यक्रममा जिल्लापाल अनन्त जैन उपस्थित हुनुहुन्थ्यो। यो दिवस गान्तोकस्थित सूचना तथा जनसम्पर्क विभागका मुख्यालयमा पनि मनाइएको छ। साथै, सिक्किम सरकारको कार्मिक विभागका सचिव रिन्जिङ चेवाङले हिजो टाशिलिङ सचिवालयमा अधिकारी र कर्मचारीहरूलाई राष्ट्रिय मतदाता दिवसको प्रतिज्ञा गराउनुभयो। त्यसैगरी यो दिवस आज नाम्ची जिल्ला, गेजिङ जिल्ला र सोरेङ जिल्लामा पनि मनाइयो। राष्ट्रिय मतदान दिवस सन् 2011 देखि हरेक वर्ष 25 जनवरीका दिन भारतीय निर्वाचन आयोगको स्थापना दिवस पालन गर्न मनाइँदै आएको छ। यो दिवस मनाउनुको मुख्य उद्देश्य नागरिकहरूमा चुनावी चेतना जगाउनु र उनीहरूलाई निर्वाचन प्रक्रियामा सहभागी हुन प्रोत्साहित गर्नु हो।

## West-Point School-Competition

वेस्ट पोइन्ट वरिष्ठ माध्यमिक विद्यालय, गान्तोकले प्रतिष्ठित राष्ट्रिय ब्यान्ड प्रतियोगितामा महिला ब्रास ब्यान्ड विधामा राष्ट्रिय च्याम्पियनसिप जितेर ठूलो उपलब्धि हासिल गरेको छ। देशभरिका सबैभन्दा प्रतिभाशाली ब्यान्डहरूसँग प्रतिस्पर्धा गर्दै, यस महिला ब्यान्डले सुन्दर प्रस्तुति दिए, जसले गर्दा उनीहरूलाई राष्ट्रिय उपाधि प्राप्त भयो। यो उपलब्धि पुरुष ब्रास ब्यान्डले राष्ट्रिय च्याम्पियनसिप जितेपछिको अर्को सफलता हो। महिला ब्यान्डले अब त्यस विरासतलाई अगाडि बढाउँदै, संगीत र अनुशासनमा उत्कृष्टताको कुनै सीमा छैन भन्ने यथार्थ

प्रमाणित गरेर देखाएको छ। यो विजय राज्यका लागि गर्वको क्षण हो र प्रतिभालाई बढावा दिने विद्यालयको समर्पणको प्रतिबिम्ब हो।

## BJP-Prez Elected

आज बिजेपी राज्य कार्यालय, सिङतामममा आयोजित संगठनात्मक चुनावपछि, 2024-27 कार्यकालका लागि डीआर थापा बिजेपी सिक्किम प्रदेश अध्यक्षमा सर्वसम्मतिले निर्वाचित हुनुभएको छ। निर्वाचन अधिकारी वी मुरलीधरनले यसको घोषणा गर्नुभएको छ।

## Taekwondo

'अवरोधहरू तोड्दै, च्याम्पियन बनाउँदै' विषयका साथ **सिक्किम पहिलो खुल्ला आमन्त्रित ताइक्वान्दो च्याम्पियनसिप 2025** आज नाम्चीमा सम्पन्न भयो। तीन दिनसम्म चलेको यस प्रतियोगिताको समापन दिन जिल्लापाल अनुपा ताम्लिङ उपस्थित हुनुहुन्थ्यो। प्रतियोगितामा देशभरिबाट, विशेष गरी उत्तरपूर्वी क्षेत्र मणिपुर, गुवाहाटी, शिलङ, मेघालय, कालिम्पोङ र दार्जिलिङबाट प्रतिस्पर्धीहरू सहभागी थिए। प्रतियोगितामा तीन सयभन्दा बढी खेलाडीहरूले भाग लिए। नाम्ची जिल्ला तेक्वान्दो संघको टोलीले 33 स्वर्ण, 15 रजत र 14 कास्यसहित सर्वाधिक पदक जित्यो।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस  गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 8.7 डिग्री सेल्सियस  र न्यूनतम तापमन 7.6  डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि न्यूनतम तापमान 7  डिग्री  सेल्सियस र अधिकतम तापमान 11 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।

**आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।**